DOI: https://doi.org/10.3126/cognition.v7i1.74788

# अनायोजित उपन्यासमा पर्यावरणीय चेतना

**डा. अम्बिका अर्याल**[१]

***लेखसार***

*प्रस्तुत लेखमा पर्यावरणीय चेतनाका आधारमा अनिता पन्थीको अनायोजित उपन्यासको विश्लेषण गरिएको छ । आधुनिकताका नाममा प्रकृतिमाथि मान्छेले गरेको विनाश र त्यसले पर्यावरणमा पारेको असरप्रतिको चेतना नै पर्यावरणीय चेतना हो । अनायोजित उपन्यासमा पर्यावरणीय चेतनाको स्थिति केकस्तो रहेको छ भन्ने मूल समस्या रहेको यस लेखले प्रकृति र मानवबिचको सम्बन्ध, प्रकृतिको विनाशका कारण मानवीय जीवनमा पुगेको असर तथा प्रकृतिको संरक्षणप्रति जागृत पर्यावरणीय चेतनासम्बन्धी मान्यताका आधारमा कृतिको विश्लेषण गरी प्राज्ञिक जिज्ञासाको समाधानमा पुग्ने उद्देश्य लिएको छ। पाश्चात्य जगत्मा प्रचलित पर्यावरणीय चेतनासम्बन्धी साहित्यसिद्धान्तका आधारमा कृतिको विश्लेषण गरिएको हुनाले यो लेख निगमनात्मक प्रकृतिको बन्न पुगेको छ। सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय पद्धतिलाई अवलम्बन गरिएको यस लेखमा प्राथमिक सामग्रीका रूपमा अनायोजित उपन्यासलाई लिइएको छ भने यससँग सम्बन्धित लेख, समीक्षा तथा विश्लेषण र पर्यावरणीय चेतनासँग सम्बन्धित कृतिलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। यसमा प्रकृति र मानवको सम्बन्ध, प्रकृतिप्रतिको विश्वास र आकर्षण, प्रकृतिको विनाशप्रतिको चिन्ता, प्रकृतिको जगेर्नाका लागि जागृत चेतनासम्बन्धी मान्यतालाई विश्लेषणका ढाँचाका रूपमा उपयोग गरी अनायोजित उपन्यासमा अभिव्यक्त पर्यावरणीय चेतनाको विश्लेषण एवम् पहिचान गरिएको छ । प्रकृतिको विनाशले मानवजीवनमा पारेको नकारात्मक प्रभाव र त्यसप्रति* सचेतनाको अपरिहार्यतालाई उपन्यासमा प्रस्तुत गरिएको निष्कर्ष यस लेखको रहेको छ ।

**शब्दकुञ्जी** : आधुनिकता, इकोलोजी, चेतना, पर्यावरण, यन्त्र ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय अनिता पन्थीको *अनायोजित* उपन्यासमा अभिव्यक्त पर्यावरणीय चेतनाका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ। आधुनिकताका नाममा प्रकृतिमाथि मान्छेले गरेको विनाश र त्यसले पर्यावरणमा पारेको असरप्रतिको चेतनालाई पर्यावरणीय चेतनाका रूपमा लिने गरिन्छ। पुँजीवाद र आधुनिकीकरणले विभिन्न औजार तथा कलकारखानाको विकास गरेपछि प्रकृतिमा पर्न गएको नकारात्मक प्रभाव तथा विकासले निम्त्याएको जोखिमलाई यसले अध्ययन गर्दछ। प्रकृति र मानवको सुमधुर सम्बन्धमा यस किसिमका विकासजन्य गतिविधिले प्रत्यक्ष रूपमा पारेको असरले प्रकृतिलाई मात्र नभएर मानवजीवनलाई

१. उपप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, ambiaryal@gmail.com

Received on Nov. 15, 2024 Accepted on Dec. 1, 2024 Published on Jan. 31, 2025

समेत हानी पुऱ्याइरहेको सन्दर्भप्रति प्रश्न गर्दै पर्यावरणीय चेतनासम्बन्धी अवधारणाको विकास भएको छ। अनिता पन्थीको *अनायोजित* उपन्यासमा प्रकृतिको विनाशप्रतिको चिन्ता र संरक्षणका उपाय प्रस्तुत गर्दै पर्यावरणीय चेतना प्रस्तुत गरिएको भए पनि हालसम्म यस विषयमा अध्ययन हुन सकेको देखिँदैन ।

गोविन्दराज भट्टराई (२०७८) को 'अनायोजितबाट निसृत एक पीडादायी सुवास' शीर्षकको लेखमा प्रस्तुत उपन्यासको लेखनगर्भ, विषय, भाषाशैली एवम् शिल्पका बारेमा चर्चा गरिएको छ। यस उपन्यासलाई उनले समकालीन नेपाली साहित्यमा प्रकाशित पर्यावरणीय चेतनाको प्रथम उपन्यास भनेका छन् । तर यसमा प्रस्तुत पर्यावरणीय चेतनामा केन्द्रित भएर विस्तृत अध्ययन भने हुन बाँकी नै देखिन्छ। अम्बिका अर्याल (२०८१) को 'अनायोजितभित्र योजित तथ्य' शीर्षकको *साहित्यपोस्ट*मा प्रकाशित लेखमा पन्थीको प्रस्तुत उपन्यासको विषय, शिल्प तथा विचारका बारेमा चर्चा गरिएको छ। यसमा मानवसमुदायमाथि यन्त्रहरूको बिगबिगी र नियन्त्रण तथा प्रकृतिको विनाशले मानवजीवनमा पारेको प्रभावका बारेमा सङ्क्षेपमा चर्चा गरिएको भए पनि विस्तृत अध्ययन हुन बाँकी नै देखिन्छ । यसर्थ यी पूर्वअध्ययनहरूलाई आधार मान्दा पन्थीको प्रस्तुत उपन्यासमा पर्यावरणीय चेतना पाइने तथ्य उल्लेख भएको पाइए तापनि यसमै केन्द्रित भएर अध्ययन नभइसकेको स्थिति नै यसको शोधअन्तराल हो । साथै यस स्थितिमा यसै विषयलाई केन्द्रमा राखेर अध्ययन गरिनु मौलिक एवम् नवीन कार्य पनि बन्न पुगेको छ । तसर्थ यस लेखले पन्थीको *अनायोजित* उपन्यासमा प्रस्तुत पर्यावरणीय चेतना केकस्तो रहेको छ भन्ने मूल जिज्ञासाको समाधान खोज्ने उद्देश्य लिएको छ ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ। यसमा अनिता पन्थीको उपन्यास *अनायोजित*लाई प्राथमिक र पर्यावरणीय चेतनासँग सम्बद्ध सैद्धान्तिक तथा विश्लेष्य उपन्यासका सम्बन्धमा भएका अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। यी दुवै सामग्रीको समुचित प्रयोगबाट पर्यावरणीच चेतनाको विश्लेषणका लागि सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ। यस क्रममा प्रकृति र मानवको सम्बन्ध, प्रकृतिप्रतिको विश्वास र आकर्षण, प्रकृतिको विनाशप्रतिको चिन्ता, प्रकृतिको जगेर्नातर्फको चेतनाका आधारमा विश्लेषणात्मक विधिको प्रयोग गरी समस्याको समाधान निकालिएको छ। निगमनात्मक पद्धतिको यो लेख अन्तर्विषयक एवम गुणात्मक प्रकृतिको बनेको छ ।

**पर्यावरणीय चेतनाको सैद्धान्तिक परिचय**

पर्यावरण शब्द 'परि' र 'आवरण' शब्द मिलेर बनेको तत्सम शब्द हो । 'परि' को अर्थ 'चारैतिर' र 'आवरण' को अर्थ 'घेरा' भन्ने हुन्छ। प्रज्ञा नेपाली शब्दकोशका अनुसार 'पर्यावरण' शब्दले भने 'कुनै वस्तु, विषय, व्यक्ति आदिको अवस्थिति र परिवेश वा वातावरण'लाई द्योतन गर्दछ साथै यसले 'चारैतिर फैलिएको वा रहेको जलवायु एवम् हावापानी'लाई समेत जनाउँछ। 'पर्यावरण'लाई अङ्ग्रेजीमा 'इकोलोजी' भनिन्छ। 'इकोलोजी' (जर्मन ओकोलोजी) शब्द सर्वप्रथम जर्मन दार्शनिक अर्नेस्ट हेकेलले प्रयोग गरेका हुन् । यो शब्द ग्रीक ' ओकोस' बाट आएको हो । यसको अर्थ 'गृहस्थी, घर वा बस्ने ठाउँ' भन्ने हुन्छ (ब्रिटानिका) । 'इकोलोजी'को अर्थ 'वातावरणसँग वनस्पति र जीवजन्तुको सम्बन्धको अध्ययन' भन्ने हुन्छ ।

पर्यावरणलाई केन्द्रमा राखेर गरिने समालोचना पर्यावरणीय समालोचना हो। यसलाई अङ्ग्रेजीमा ' इकोक्रिटिसिजम' भनिन्छ। यो 'इकोक्रिटिक' र 'इजम्'को मेलबाट बनेको शब्द हो। 'इको' र 'क्रिटिक' दुवै शब्द ग्रीक भाषाबाट आएका हुन्। 'oikos' (घर) र 'Irkrites' (न्यायाधीश) मिलेर यसको अर्थ 'घरको न्यायाधीश' हुन्छ (होवार्थ, सन् १९९६, पृ. ६८) । यस अनुसार 'oikos' प्रकृति हो। यसलाई एडवर्ड होगल्यान्डले 'हाम्रो सबैभन्दा ठुलो घर' भनेर परिभाषित गरेका छन्। 'Irkritos' 'स्वादको न्यायाधीश' हो, जसले घरलाई राम्रो अवस्थामा राख्न चाहन्छ साथै घरमा कुनै जुत्ताको थुप्रो वा भाँडाकुँडा छरिएका कारण मूल सजावटलाई बिग्रन नदिने जिम्मा यसले लिन्छ (होवार्थ, सन् १९९६, पृ. ६९)। साहित्यमा भने यसको अर्थ फरक छ। प्राणी र वातावरणलाई जोड दिने साहित्य सिद्धान्त नै पर्यावरणीय समालोचना हो। यसलाई परिवृत्तीय समालोचना, वातावरणीय समालोचना, वातावरणीय काव्यशास्त्र, हरित समालोचना आदि नामले पनि चिनिने गरिएको छ।

पर्यावरणका सम्बन्धमा सजग हुनु वा सचेत हुनु नै पर्यावरणीय चेतना हो। मान्छेले गरेको अविवेकी कर्मका कारण प्रकृति र जीवजन्तुमाथि हुन पुगेको हानीको न्यूनीकरणका ध्येयले नै यस प्रकारको चेतनाको विकास भएको हो। पर्यावरणको सन्तुलन बिग्रँदै खतराको तहमा पुगेपछि परिवृत्तीय सिद्धान्तले जन्म लियो। सैद्धान्तिक रूपमा पश्चिमेली जगत्मा यो चेतना सन् १९६० को दशकदेखि विकसित भएको हो। यसमा परिवृत्तीय विज्ञानका आधारमा साहित्य सिर्जना र समालोचना गरिन्छ। चेरिल ग्लोटफेल्टीका अनुसार पर्यावरणीय समालोचना साहित्य र भौतिक वातावरणबिचको सम्बन्धको अध्ययन हो। लरेन्स बुयलका अनुसार यो अन्तरविषयगत दृष्टिकोणबाट गरिने साहित्य र वातावरणको अध्ययन हो। यसबाट सबै विज्ञानलाई एकत्रित गरी वातावरणको विश्लेषण गर्न र समकालीन पर्यावरणीय स्थितिको सुधारका सम्भावित समाधान खोज्न मद्दत पुऱ्याइन्छ। पर्यावरणीय समालोचना केवल ग्रामीण जीवनको प्रशंसा र अद्भुत प्रकृतिको आदर तथा यात्रा वृत्तान्त एवम् प्रेरणादायक भाषण भने होइन (डोबी, सन् २०१२, पृ.२३९)। पर्यावरणीय चेतनाले हरतरहले वातावरणीय संरक्षण र जीव तथा वनस्पतिको अधिकारमा जोड दिन्छ।

पर्यावरणीय चेतनाको पृष्ठभूमि निकै प्राचीन देखिन्छ। वेदकालीन समाजमा पर्यावरणको महत्त्व र यसको रक्षाप्रति अत्यधिक जागरुक रहेको पाइन्छ। पर्यावरण प्रदूषणको खतराप्रति तत्कालीन समाज धेरै सचेत देखिन्छ। त्यस समयमा भूमिलाई ईश्वरका रूपमा पूजा गर्ने, प्रकृति र पुरुषका सम्बन्ध परस्पर एक अर्कामा आधारित मान्ने प्रचलन देखिन्छ (सिंह, २०८१, पृ. ६)। पर्यावरणीय समालोचनाको सचेत रूपमा सुरुवात भने बिसौँ शताब्दीको उत्तरार्धमा मात्र हुन पुगेको देखिन्छ। यसको संस्थागत विकासको थालनी १९९२ मा पश्चिमी साहित्य संघ (Western Literary Association) मा साहित्य र वातावरण अध्ययनका लागि सङ्घ (ASLE) गठनसँगै भयो। यसपछि १९९३ मा ISLEM Interdisciplinary Studies in Literature and Environment नामक जर्नल सुरु भयो र १९९६ मा The Ecocriticism Reader को प्रकाशनले यसलाई थप मजबुत बनायो। लरेन्स बुयलको 'द इन्भाइरोमेन्टन इमाजिनेसन' (सन् १९९५) यसको मानक ग्रन्थ हो। यसमा उनले प्रकृतिको इतिहासभित्रै मानवइतिहास अन्तर्निहित वा निर्मित हुने भएकाले मानव र मानवेतरबिच कुनै विभेद नभएको तर्क प्रस्तुत गरेका छन्। साथै मानवको इच्छा मात्रै अन्तिम र वैध इच्छा नहुने

बताएका छन् । वातावरणप्रति मानिसको उत्तरदायित्व भन्नु नै उसका कृतिभित्र आउनुपर्ने नैतिक दायित्व बोध भएको उनको ठम्याइ छ। यस्तै उनले वातावरण मानवलाई दान गरिएको वस्तु नभएर एउटा परिवर्तनशील, कमजोर र सधैँ संरक्षण चाहने प्रक्रिया वा अस्तित्व भएको बताएका छन् ।

पर्यावरणीय समालोचनाले जीव र वातावरणलाई कृतिमा कसरी चित्रण गरिएको छ, तिनीहरूले के प्रतिनिधित्व गर्छन् र तिनीहरूलाई यस्ता विशिष्ट तरिकामा कहिले र किन चित्रण गरिन्छ भन्ने सन्दर्भको अध्ययन गर्दछ (मिल्नी, सन् २०१०, पृ. ४७ ) । नारीवाद र जातीय अध्ययनहरूजस्तै यसको सुरुआत मानव मनको पहिचान तथा राजनीतिक विषयगतताका धारणा पुनःपरिकल्पना गर्ने आधुनिकतावादी विचारबाट भएको थियो। यसले आधुनिकता, प्रबोधन (Enlightenment) र विज्ञानले पश्चिमी संस्कृतिमा लादेको विषय-वस्तु (subject–object), शरीर-पर्यावरण र प्रकृति-संस्कृतिको छुट्टाछुट्टै अवधारणाभन्दा पर सोच्ने प्रयास गरेको छ। यसलाई स्कट स्लोभिकले 'कथात्मक विद्वत्ता' (narrative scholarship) भनेर सम्बोधन गरेका छन् । पर्यावरणीय समालोचनाको पहिलो चरण अन्य उत्तरआधुनिक विचारधाराहरूभन्दा फरक थियो । यसले मानव विषयगततालाई अन्य मानवहरूको सन्दर्भमा नभई गैर-मानवीय संसारसँग सम्बन्धित गरेर पुनःपरिभाषित गर्न खोज्यो (हेस, सन् २००६, पृ. ५०७) । प्रकृतिलाई मानवभन्दा भिन्न अस्तित्वका रूपमा हेर्ने दृष्टिकोणको विकास यसमा भएको छ।

पर्यावरणीय समालोचनाले प्राकृतिक संसारलाई वैज्ञानिक रूपमा बुझ्ने, प्रविधिमार्फत नियन्त्रण गर्ने, र आर्थिक रूपमा शोषण गर्ने आधुनिकतावादी प्रवृत्तिको आलोचना गर्छ। आधुनिकताले मानव सभ्यतालाई प्रकृतिबाट टाढा राख्ने भएकाले प्रकृतिलाई केवल सामग्री, स्रोत र वस्तुका रूपमा मात्र हेर्ने प्रवृत्तिको समेत यसले विरोध गरेको छ। आधुनिकतावादको विकल्पका रूपमा डीप इकोलोजी (deep ecology) र सामाजिक पर्यावरण (social ecology) जस्ता धाराहरू देखापरेका छन्। डीप इकोलोजीले प्रकृतिको आफ्नै मूल्य र महत्त्व रहेको कुरामा जोड दिन्छ। यसले प्रकृतिको अन्य प्रजाति समान अधिकारको वकालत गर्छ। तर सामाजिक पर्यावरणले मानव उपयोगका सन्दर्भमा प्रकृतिलाई महत्त्व दिन्छ र यसले अराजकतावाद, समाजवाद, नारीवादजस्ता राजनीतिक दर्शनहरूसँग सम्बन्ध राख्छ (हेस, सन् २००६, पृ. ५०७) । पर्यावरणीय समालोचनामा पर्यावरणलाई मानवको भन्दा पृथक् अस्तित्वयुक्त मान्ने र प्रकृतिसँग मानवको अन्योन्याश्रित सम्बन्ध भएको मत राख्ने दुई खालका विचार व्यक्त गरिएको पाइन्छ।

डीप इकोलोजीले ग्रामीण र जङ्गली क्षेत्रहरू, आत्मनिर्भरता, स्थानीय ज्ञान र वैकल्पिक आध्यात्मिकतामा जोड दिन्छ। पर्यावरणीय समालोचनाको सुरुवाततिर यसले महत्त्वपूर्ण भूमिका खेलेको थियो। तर १९९० को दशकको अन्त्यतिर यो क्षेत्र सामाजिक पर्यावरणीय धारतिर सरेको देखिन्छ। विलियम क्रोनन जस्ता पर्यावरणविदहरूले यस धारलाई चुनौती दिएका छन्। उनले अमेरिकामा वातावरणवादले मानव हस्तक्षेप नगरेका क्षेत्रहरूलाई आदर्श मान्ने प्रवृत्तिलाई आलोचना गरे। यसले इतिहासका केही पक्षलाई लुकाउने र आधुनिकताका अवधारणाहरूलाई पुनःपरिभाषित गर्ने चुनौती दिएको छ। यी प्रवृत्तिहरूले पारिस्थितिकीय न्याय र सामाजिक असमानताहरूको सवाललाई समेत समेट्दै आएका छन्। यसले प्रकृति संरक्षण र न्यायका सवाललाई जोड्दै सहरी क्षेत्रहरू र सामाजिक समस्याहरूलाई केन्द्रमा राख्ने प्रयास गरिरहेको छ। टी.भी. रीडले भनेझैँ, पर्यावरणीय समालोचनाले प्राकृतिक संरक्षणको चिन्ता र वितरणात्मक न्यायलाई जोड्नुपर्छ

(हेस, सन् २००६, पृ. ५०८) । यसर्थ पर्यावरणीय समालोचनामा प्रकृति र वातावरणीय सन्तुलनको अध्ययनमा जोड दिइन्छ ।

पर्यावरणीय चेतनामा वातावरणीय संवेदनशीलताको बाहुल्य रहन्छ। यसले कृतिमा प्रकृतिकेन्द्रित पात्रको प्रयोग, प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरणको विश्लेषण गर्दछ। कृतिमा मानवहरू नै प्रकृतिको विनाश गर्नका लागि जन्मिएका सन्दर्भको खोजी गरी धरतीको रुवाइ, प्रकृतिको कोलाहल, मानव, जीव र वनस्पतिहरूको गुहार, जल, वायु, आकाश, बादल आदिको चीत्कार जस्ता संवेदनशील पक्षहरूको खोजी गर्नुका साथै प्रकृतिको पक्षमा वकालत गर्दछ। मानवीय प्रवृत्तिकै कारण मानवजीवन सङ्कटग्रस्त परिवेशमा बाँचिरहेको तथ्यलाई प्रस्तुत गर्दै प्राचीनता र नवीनताका बिचमा होडबाजी चल्न थालेपछि धरती विषाक्त बन्दै गएको सन्दर्भको विश्लेषण समेत पर्यावरणीय समालोचनामा गर्ने गरिन्छ। प्रकृति मानवस्वास्थ्यका लागि हानिकारक हुँदै गएको, आज मान्छे चेतनाको, संवेदनाको, मानवताको र उदारताको प्रतिस्पर्धा गर्नुपर्ने बेलामा क्षेप्यास्त्रको प्रतिस्पर्धामा लीन भएको तथ्यको समेत यसले उजागर गर्दछ।

जैविक विविधताको ह्रास, ओजन तह विनाश, ऊर्जाको अन्त्य, आणविक ऊर्जाको निर्माण आदिले गर्दा विश्वभरि मौसममा आएका परिवर्तन खतराका सङ्केत भएका छन् । वातावरणीय सन्तुलन बिग्रेर त्यसको असर विश्वव्यापी भएको छ। यस्ता कुराको चिन्ताले जीवनको भित्री तहसम्म छोएर झस्काउन थापेपछि साहित्य कला संस्कृतिको अन्तरतह पनि प्रभावित हुँदै छ। त्यसैकारण, अहिले आएर वातावरणीय चिन्तन चेतनामूलक कार्यक्रममा सीमित नरहेर साहित्यमा र समालोचनामा पनि पुग्यो । वर्तमान समयमा पर्यावरणीय चेतनासम्बन्धी अवधारणाका अगुवामध्ये एक हुन् लरेन्स ब्युल । उनको 'द इन्भाइरोमेन्टल इम्याजिनेसन' (१९९५) शीर्षकको कृति इकोक्रिटिसिजमको एक महत्त्वपूर्ण मानक ग्रन्थ हो । यसमा उनले ड्याभिड थोरोको पालादेखिको प्रकृति लेखनको परम्पराको परीक्षण गरी 'इकोक्रिटिकल पोएटिक्स' (पर्यावरणचेत भएको काव्यशास्त्र) को स्थापना गरेका छन् । इकोलोजीलाई गम्भीरताका साथ हेर्नेहरूले पशुप्राणी जोगाउने, फोहोर नियन्त्रण गर्ने अभियानमा लाग्नुभन्दा मानिसले पृथ्वीलाई बिगार्ने, रुख काट्ने, पानी थुन्ने, सुरुङ खन्ने, मार्ग बनाउने आदि अधिकार नभएको जिकिर गर्दछन् । उनीहरूले मान्छेमा पृथ्वीलाई छुने पनि अधिकार नभएको भन्दै मानवेतर जगत्को स्वतन्त्रताको पक्षमा बोल्दछन् (भट्टराई, २०८१, पृ. १) । यसरी वातावरणलाई महत्त्व दिने पर्यावरणीय सिद्धान्तको प्रयोग गरी कृतिको विश्लेषण गर्ने पद्धतिको विकाससँगै पर्यावरणीय समालोचनाको स्थापना हुन पुगेको देखिन्छ ।

पर्यावरणीय समालोचनाले प्रकृतिका अपरिहार्य तत्त्व जीवजन्तु, प्रकृति, वनस्पति, जल, वायु आदिमाथिको प्रभाव र तिनको सन्तुलन एवम् संरक्षणप्रतिको सजगतामा जोड दिन्छ। यसले कृतिमा चित्रित पर्यावरणीय सन्तुलन तथा पारिस्थितिक प्रणालीको अध्ययनका लागि प्राकृतिक सौन्दर्यको वर्णन, त्यसको विनाशमा मानिसले गरेका क्रियाकलाप, बढ्दो आधुनिकीकरण तथा सहरीकरणले निम्त्याएको सङ्कटलाई केन्द्रमा राख्दछ। बिसौँ शताब्दीको मध्यतिर मानवीय क्रियाकलाप तथा विविध कारणबाट वातावरणमा पर्न गएको गम्भीर असरको समाधानका क्रममा वातावरणविद्हरूबाट सुरु हुन पुगेको अवधारणा नै पर्यावरणीय समालोचना हो (केरिज, सन् २००६, ५३१) । पर्यावरणीय समालोचनाले प्रकृतिको अस्तित्वसम्बन्धी जागरणलाई केन्द्रमा राख्दछ ।

पर्यावरणीय अध्ययन मिडिया, चलचित्र, दर्शन र इतिहास जस्ता वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने समग्र अवधारणाको रूपमा विकसित भएको छ। यसको प्रमुख उद्देश्य साहित्यिक र सांस्कृतिक सिद्धान्तका रूपमा काम गर्नु हो। यसले केवल साहित्य र संस्कृतिमा सीमित नभई विज्ञान, नीतिशास्त्र, राजनीति, दर्शन, अर्थशास्त्र, र सौन्दर्यशास्त्र जस्ता विषयलाई पनि समेट्छ। पर्यावरण र मानव सहअस्तित्वको खोजी, वातावरणीय प्रदूषण तथा त्यसको असरप्रतिको चेतना, मानवीय स्वार्थका लागि प्रकृतिको विनाशका सम्बन्धमा यसले अध्ययन गर्दछ। खासमा पारिस्थितिक प्रणाली जीव, वनस्पति, हावापानी, मानिस जस्ता प्राकृतिक वस्तुको चक्रबाट चलेको प्रणाली हो। प्राकृतिक चक्रमाथिको हस्तक्षेप र विनासले पारिस्थितिक प्रणालीमाथि असर पारिरहेको हुन्छ। मानवीय स्वार्थका कारण पारिस्थितिक प्रणालीमा आएको गडबढी र त्यसका लागि चाल्नुपर्ने कदमप्रतिको चेतनालाई पर्यावरणीय समालोचनाले अध्ययनको विषय बनाएको हुन्छ। पर्यावरणलाई रचनात्मक संरचनाका रूपमा प्रस्तुत गर्न नहुने, मानवीय आवश्यकता र इच्छालाई तर्कयुक्त र स्वाभाविक मान्न नहुने, पर्यावरणप्रति मानवीय कर्तव्य नैतिक अभिमूखीकरणको पक्ष मान्दै पर्यावरणलाई कृतिमा व्यवस्थित चक्रमा रूपमा प्रस्तुत गर्नुपर्ने मान्यता पर्यावरणीय समालोचकको छ (बुयल, १९९५, पृ. ७)। यसरी प्रकृति र मानवको सम्बन्ध, बढ्दो सहरीकरण तथा आधुनिकीकरणका कारण प्रकृतिमाथि परेको असर, पारिस्थितिक प्रणालीमा पर्दै गएको प्रभाव, वातावरणीय संवेदनशीलता, प्रकृतितर्फको मानिसको आकर्षण तथा प्रकृतिको जगेर्नामा मानिसले खेल्नुपर्ने भूमिकालाई कृतिमा कसरी प्रस्तुत गरिएको छ भनी अध्ययन गर्ने पद्धति पर्यावरणीय समालोचना हो। यसले पर्यावरणीय चेतनाका माध्यमबाट नै कृतिको विश्लेषण गर्ने भएकाले यसमा पन्थीका उपन्यासमा प्रस्तुत यिनै प्रवृत्तिको निरूपण गरिएको छ।

## नतिजा र विमर्श

*अनायोजित* उपन्यासमा प्रकृतिको विनाशका कारण निम्तिएका समस्या र त्यसप्रतिको चिन्तालाई प्रस्तुत गरिएको छ। आधुनिकीकरणसँगै मानिसले विकास गरेका यन्त्रका कारणले प्रकृतिमाथि पारेको प्रभाव र त्यसबाट सिर्जना भएको भूक्षय, बाढी, पहिरोजस्ता प्रकोपले प्रकृति र मानवलाई पुग्न गएको असरका सन्दर्भमा यस उपन्यासमा प्रस्तुत पर्यावरणीय चेतनालाई विभिन्न उपशीर्षकमा यहाँ विश्लेषण गरिएको छ :

### प्रकृति र मानवको सम्बन्ध

पर्यावरणीय समालोचनाले प्रकृति र मानवबिचको अन्योन्याश्रित सम्बन्धको अध्ययनमा जोड दिन्छ। प्रकृतिको विनाशले प्रकृतिमात्र जोखिममा नरहेर मानवजीवनसमेत प्रभावित हुने धारणा पर्यावरणीय चेतनामा पाइन्छ। यसले पर्यावरण र मानव सहअस्तित्वमा जोड दिँदै वातावरणीय प्रदूषण तथा त्यसको असरप्रति सजत हुनुपर्ने मान्यता राख्दछ। मानवजीवनको सहजताका लागि प्रकृतिको ख्याल नै नगरी गरिएको नोक्सानीका कारण पारि स्थितिक प्रणालीमा प्रभाव पर्दा मानवलाई समेत प्रभावित हुने विचार पर्यावरणीय चिन्तकले अघि सारेका छन्। प्रकृति, जीव, वनस्पति, हावापानी, मानिस जस्ता प्राकृतिक वस्तुको चक्रबाट चलेको पारिस्थितिक प्रणालीमा रसायनिक पदार्थको बढ्दो प्रयोग, वनजङ्गलको फडानी, वातावरण प्रदुषणले असर पुग्ने र त्यसको प्रत्यक्ष असर मानवजीवनमा पर्ने यिनीहरूको मत छ। तसर्थ प्रकृतिको संरक्षणले मानवजीवनमा लाभ मिल्ने र यसको विनाशले मान्छेलाई असर पर्ने हुँदा मानव र प्रकृतिबिचको गहिरो सम्बन्ध भएको यिनीहरू बताउँछन्। यसरी

प्राकृतिक चक्रमाथिको विविध हस्तक्षेप र विनासले पारिस्थितिक प्रणालीमाथि असर पारिरहेको हुन्छ। मानवीय स्वार्थका कारण पारिस्थितिक प्रणालीमा आएको गडबढी र त्यसले मानवलाई पुग्ने असरप्रतिको चेतना तथा निराकरणका लागि चाल्नुपर्ने कदमप्रतिको चेतनालाई पर्यावरणीय समालोचनाले अध्ययनको विषय बनाएको छ (बुयल, १९९५, पृ. ७)। तसर्थ पर्यावरणीय समालोचनामा प्रकृति र मानवबिचको सम्बन्धको अध्ययनबाट पर्यावरणीय चेतनाको निरूपण गर्न सकिने भएकाले यसमा विश्लेष्य कृतिमा प्रकृति र मानवको सम्बन्ध केकस्तो रहेको छ भन्ने पक्षको अध्ययन तथा विश्लेषण गरिएको छ।

*अनायोजित* उपन्यासमा प्रकृति र मानवबिचको अन्तर्सम्बन्धलाई प्रस्तुत गरिएको छ। यसमा प्रकृतिविना मानवीय अस्तित्व अकल्पनीय रहेको सन्दर्भलाई स्थान दिइएको छ। प्रकृतिमा निर्भर हुने मानवीय स्वभावको वर्णन गर्दादेखि ग्रामीण परिवेशप्रतिको मानवीय आकर्षणको चर्चा गर्दासम्म प्रकृतिकै चित्रण यसमा गरिएको छ। यस उपन्यासमा प्रस्तुत "पश्चिमी पहाड, पोखराको छेउछाउ। काठमाडौँको खल्बली र दूषित पर्यावरणभन्दा अधिक पर, धेरै पर। उन्नतिलाई खुबै आनन्द आइरहेको छ रे" (पृ. ३२) भन्ने म पात्रको कथनले ग्रामीण परिवेश र शान्त वातावरणप्रतिको मानवीय आकर्षणलाई प्रस्ट पारेको छ। ग्रामीण परिवेशप्रतिको मानवको आकर्षणका माध्यमबाट पर्यावरणीय चेतना प्रस्तुत गरिएको यस उपन्यासमा आधुनिकताले गाँजेको सहरिया परिवेशप्रतिको भने उदासीनता भाव अभिव्यक्त गरिएको छ। यस उपन्यासको प्रमुख पात्र प्रयास भन्छ :

> उच्चाट लाग्दो छ बाह्य परिवेश। धूवाँ, धूलो, व्यस्त रोड, गाडीको चापसँगै मान्छेको घुइँचो। शीतलताको अनुभूति गराउने यो शहरमा कुनै वृक्ष छैन, गाउँमा भए यतिखेर घामसँगै कलिला पाउला हावाला वयेली खेल्दै हुने थिए। जहाँ जाऊ लताकुञ्जले युक्त छहारीको शीतलता… आहा। सम्झिँदा मात्रै पनि यो मन आनन्दले उचालिन्छ। तर यस शहरमा…उदेक लाग्दो परिवेश…। (पृ. ४३)

म पात्रको प्रस्तुत कथनमा सहरिया परिवेश र ग्रामीण परिवेशको तुलना गरिएको छ। यसमा प्रकृतिलाई विनाश गरेर आधुनिकीकरण गरिएको सहरमा छहारीको शीतलता, मनै आनन्दित तुल्याउने कलिला पाउला, लताकुञ्ज नभएकाले उदेक लाग्ने अवस्था सिर्जना भएको म पात्रको कथन छ। तर गाउँमा भने प्रकृतिका यी सबै सुन्दरता र आनन्द जीवितै रहेको सन्दर्भका माध्यमबाट प्रकृतिप्रतिको मोहलाई यसमा प्रस्तुत गरिएको छ। मान्छेका कारण सहरमा वातावरण दुषित हुँदै गएको सन्दर्भप्रतिको चिन्ता "…मानवले उनको स्वतन्त्र अस्तित्वलाई कसरी मेटाउँदैछ ?" (पृ. ५७) भन्ने कथनमार्फत यसमा प्रकट भएको छ। यसरी यस उपन्यासमा प्रमुख पात्रको अनुभूति र चिन्ताका माध्यमबाट प्रकृतिको जगेर्ना गर्नुपर्ने सन्देशका साथै मानिस प्रकृतिबाट टाढा भएर रमाउन नसक्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ। यसले उपन्यासमा प्रस्तुत मानिस र प्रकृतिको सम्बन्धसम्बन्धी पर्यावरणीय चेतनालाई द्योतन गरेको छ।

### प्रकृतिप्रतिको विश्वास र आकर्षण

*अनायोजित* उपन्यासमा मानिसको प्रकृतिप्रतिको विश्वास र आकर्षणसम्बन्धी पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ। यस उपन्यासमा प्रकृतिले मानिसलाई जहिल्यै पनि आफूतिर खिच्ने गरेको र प्रकृतिबाट टाढा जाने मान्छेको इच्छा नभएको सन्दर्भको वर्णन गरिएको छ। मानवले प्रकृतिको विनाश नगर्ने हो भने प्रकृतिले

पनि मानवलाई क्षति पुऱ्याउँदैन भन्नेमा विश्वस्त धारणालाई यसमा समावेश गरिएको छ। "खोलाले उति धेरै विध्वंश त गराएको थिएन। जे भए पनि हामी मित्र हौँ। मित्रवत् छौँ। हामीबिचको निकटताले गर्दा उसले त्यति उपद्रव मच्चाउन सकेको थिएन" (पृ. ८३) भन्ने उपन्यासमा प्रस्तुत म पात्रको कथनले सोही कुराको पुष्टि गरेको छ। यसमा खोला र मानवबिचको मित्रवत् सम्बन्ध तथा त्यसप्रतिको विश्वासका माध्यमबाट प्रकृतिसँगको मानवीय सम्बन्धको निकटता, विश्वास र आकर्षणलाई प्रस्तुत गरिएको छ।

यस उपन्यासमा यन्त्रबाट सजाय भोगिरहेको म पात्रको दुःखको साथी प्रकृति नै भएको तथ्यलाई पनि प्रस्तुत गरिएको छ। ऊ भन्छ :

> त्यसै क्षण सहृदयी पवनले मलाई सान्त्वना दिँदै भन्न लाग्यो, "प्रयास। तिम्रो दृढ साहस र सौम्य व्यक्तित्वलाई शिथिलता किञ्चित सुहाउँदैन। बाध्यतासँग कमजोर भएर होइन अटल मनोबलले भिड्ने गर। आफ्नो हर विवशतालाई तिमी चुनौती दिन सक्नेछौँ। तिमीले चाह्यौ भने परिस्थितिलाई उलटपुलट गराउन पनि सक्छौ।" (पृ. ९२)

यस कथनमा पवन अर्थात् हावाले पनि चिन्ताग्रस्त मानिस वा प्रयासलाई सम्झाइरहेको र विश्वस्त तुल्याइरहेको पाइन्छ। यसले मानिससँग प्रकृतिको सामीप्य, विश्वास र सम्बन्धलाई पुष्टि गरेको छ।

**प्रकृतिको विनाशप्रतिको चिन्ता**

अनायोजित उपन्यासमा पूँजीवाद, भौतिकता र यान्त्रिकताका कारण प्रकृतिको विनाश हुँदै गएको तथ्यलाई प्रस्तुत गरिएको छ। प्रकृति र मानवसमुदायमाथि मानवनिर्मित यन्त्रकै हालीमुहालीबाट पर्न गएको असरको यथार्थ चित्रण यसमा पाइन्छ। यस उपन्यासमा प्रकृतिको हितका लागि मानवले जस्तै गम्भीर भएर नसोच्ने मानवनिर्मित यन्त्रहरू प्रकृतिका विनाशक मात्र नभएर मानवकै दुस्मनका रूपमा देखापरेका छन्। प्रकृति मात्रै नभएर मानव हित र जटिल कार्यका सहयोगीका रूपमा यन्त्रको विकास गरिरहेको मानव आफैँ तिनको दासी बन्दै गएको तथ्यलाई यसमा मार्मिक रूपमा प्रस्तुत गरिएको छ। म पात्र भन्छ :

> गाउँ बस्तीहरूमा पनि हलो, कोदालो, गैँती, झप्पल जस्ता औजारहरू विलय हुन थाले। डोजर, स्काभेटर, रोलर जस्ता यन्त्रले तिनको प्रतिस्थापन गर्न लागे।... समग्रमा तिनीहरूको परिचय प्रकृतिको स्वअस्तित्वमाथि चुनौती दिनु हो। प्रकृतिको सौम्य, शालीन सुन्दरतामा विखण्डन ल्याउनु। प्रकृतिलाई विनाश गराउन अदम्य साहस र हिम्मत जुटाएकै कारण लोकप्रिय हुँदैछन् आजका यन्त्रहरू। (पृ. ७५)

यस कथनमा यन्त्रको आविष्कारले प्रकृति विनाश हुँदै गएको तथ्यका माध्यमबाट पर्यावरणीय चेतना प्रस्तुत गरिएका छ। यसमा यन्त्रको विकास नै आज प्रकृति र मानवको विनाशको कारक बनिरहेको स्थितिलाई समेत सङ्केत गरिएको छ। मोबाइल, ल्यापटप, स्मार्ट वाच, सिसी टिभीलगायतका विद्युतीय यन्त्रको निर्माणले मान्छेलाई कसरी नियन्त्रित गरिरहेको छ ? तिनको साथ र सहयोगविना एक कदम अगि बढ्न नसक्ने स्थिति कसरी सिर्जना भइरहेको छ ? मानवीय सम्बन्ध र प्रेममाथि कसरी यन्त्रले हालीमुहाली गरिरहेको छ ? मनमा सजाइएकी प्रेमिकाको यादले जीवन काटिरहेको प्रयास जस्ता पात्रले प्रेमिकाको फोन नम्बरसम्म सम्झन नसक्दा

सम्पर्कविहीन भएर जीवनभर तड्पनुपर्दाको पीडा कस्तो होला ? (पृ. ७८) भन्ने सन्दर्भहरूलाई समेत पन्थीको यस उपन्यासले समेटेको छ ।

ठुलाठुला कलकारखाना, सडक निर्माणका आयोजनादेखि घरायसी कामकाजमा प्रयोग गरिने मेसिनरी सामानको उत्पादनमा जोडतोडका साथ लागिरहेको आधुनिक युगमा मान्छे यन्त्रलाई कजाएर आफू सुखभोग गर्ने लक्ष्यमा केन्द्रित हुँदै गइरहेको तर त्यसले प्रकृतिलाई कति हानी गर्छ भन्ने तर्फ ध्यान नदिएको सन्दर्भप्रतिको चिन्ता यस उपन्यासमा व्यक्त भएको छ । "...अरू मालिकका यन्त्र पनि त्यसरी नै व्यस्त भएका थिए, भू-आकृतिलाई धराशायी बनाउन । चिथोर्न, कोपर्न, चिर्न, उजाड गराउन, विखण्डित पार्न, पशुपक्षी तथा वन्यजन्तुको आवादीमा वितण्डा मच्चाउन ..." (पृ. ७८) भन्ने उपन्यासको सन्दर्भले यन्त्रका कारण प्रकृति, जीवजन्तु, चराचुरुङ्गी तथा वातावरणमा पारेको प्रभावलाई प्रस्तुत गरेको छ । यन्त्रको विकाससँगसँगै प्रकृतिमाथि हुने गरेको ज्यादतिप्रतिको सजगता यसमा अभिव्यक्त भएको छ ।

तर आधुनिकीकरणका नाममा यन्त्रले मानिसमाथि जमाएको हैकम र अभिमानको उत्कर्षतालाई यसले प्रस्ट पारको छ । आज मान्छेले गर्ने कार्य यन्त्रले गरिदिँदा सहज र छिटो त भएको पक्कै हो तर यसले उल्टै मानिसलाई कब्जामा लिन थालेपछि र मानिसका शारीरिक एवम् मानसिक शक्तिलाई क्षीण पार्दै गरेको स्थितिप्रति प्रश्नचिह्न खडा गरेको छ । यति मात्र होइन, यन्त्रशालाको न्यायाधीशले यन्त्रकै पक्ष लिएर मानवमाथि थोपरेको अपराध र त्यसको सजायमा चिहानडाँडा एक्लै खनेर बाटो विस्तार गर्नुपर्ने बाध्यतामा परेको प्रयासको आजीवनको श्रमले मानवमाथि यन्त्रको हस्तक्षेपलाई प्रस्ट पारेको छ भने निर्दोष प्रकृतिलाई जताततै डामेर, खोपेर, खनेर घाउ नै घाउ पारी विनाश गरेपछि प्रत्येक वर्ष पहिरिएर चिहानडाँडाले पुऱ्याएको क्षतिका माध्यमबाट प्रकृति तथा पर्यावरणको रक्षामा मानवको दायित्वप्रति सचेत गराएको छ ।

**प्रकृतिको जगेर्नातर्फको चेतना**

*अनायोजित* उपन्यासमा प्रकृतिको संरक्षणप्रति मानवमा जागृत चेतनाका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । यसमा यन्त्रहरूले प्रकृतिको विनाश गर्दै ताण्डव मच्चाइरहेको सन्दर्भको विरोध म पात्रमार्फत यसरी गरिएको छ : "...नत्र यन्त्रहरूको अन्याय, अत्याचार, दमन, हिंसा, शोषणको पराकाष्ठा सहेर निमुखो भई बाँच्नु थिएन, मलाई । विद्रोहको आगो सल्काएर महासागरमा प्राणको आहुति दिनु थियो, यन्त्रको विरुद्धमा" (पृ. ८८) । यस कथनमा मान्छेले निर्माण गरेको यन्त्रले प्रकृतिको विनाश मात्र नगरेर मान्छेलाई नै दण्ड दिइरहेको सन्दर्भप्रतिको विद्रोह प्रस्तुत गरिएको छ । यसले प्रकृतिको जगेर्नाका लागि यन्त्रलाई हाबी हुन दिन नहुने तथ्यप्रतिको चेतनालाई समेत प्रस्तुत गरेको छ ।

यस उपन्यासको 'प्रकृति क्रुद्ध हुँदा' उपशीर्षकभित्र प्रकृतिको विनाशका कारण उत्पन्न जटिल परिवेशको चित्रण गर्दै पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । यसमा स्काभेटर, डोजरलगायतका यन्त्रहरू चलाएर सडक निर्माण तथा अन्य कार्यहरू गर्दै गर्दा प्रकृतिमा पर्न गएको असर र त्यसले निम्त्याएको जोखिमप्रतिको सचेतनालाई अभिव्यक्त गरिएको छ । प्रकृतिको विनाशका कारण मान्छेले भोग्नुपरेको जोखिम तथा प्रभाव यसमा देखाइएको छ । "ग्रीष्म ऋतुले सुक्खा गराएको उराठिलो परिवेश । धपक्कै बल्ला जस्तो उत्तप्त खडेरी । पानीका स्रोतहरू सुक्दै थिए । आकाशका पक्षीहरू अत्यधिक तापले उड्दाउड्दै खस्दैछन् । पानी पिउन

नपाएका वन्यजन्तुहरू बसाइँ सर्न थाले । स्याल, ब्वाँसो, भ्याल्सेहरू विरक्तिएर गाउँ पस्न लागे" (पृ. ९९) भन्ने उपन्यासको कथनले प्रकृतिको विनाशबाट विथोलिएको पारिस्थितिक प्रणाली तथा असरलाई प्रस्ट पारेको छ ।

यस उपन्यासमा प्रकृतिको विनाशका कारण सिर्जना हुन पुगेको जटिल परिस्थितिको चित्रण गरिएको छ । यसमा ग्रीष्म ऋतुसँग सुरु भएको वर्षाले निम्त्याएको दुर्घटनाका कारण जीवजन्तु, पशुपक्षी तथा मानवजीवनमाथिको अतुलनीय क्षतिको वर्णन गरिएको छ :

> ग्रीष्म ऋतुसँगै सुरु भएको कालोबर्खा । ... रूप, रङ्ग, आकृति सम्पूर्णतः बदलिएका खोल्साखोल्सी, नदी किनारको स्थिति निकै भयावह देखिन्थ्यो । कतिका आवास पहिरिए, भत्किए, बगे... मृत्यु लोक... । बाली लगाइएका खेतहरू बगर बन्दै थिए । निर्दोष ढुङ्गामुढा बाढीको तीव्र वेगमा अप्रकट वेदना सहेर कहाँ पुग्ने हुन् ? ... गुँड भत्किएका चराचुरुङ्गी निरोधार पानीमा गुहार खोज्दै आकाशिन लागे । (पृ. १००)

यसमा अतिवृष्टिका कारण सिर्जना भएको दुर्घटना प्रकृतिक विनाशकै प्रतिफल हो । प्रकृतिको विनाशका कारण सिर्जित प्रलय र त्यसबाट परेको असरप्रतिको चेतनालाई यस उपन्यासमा स्थान दिइएको छ । बाढी र पहिरोका कारण चिहानडाँडा र त्यसको आसपासको क्षेत्रमा परेको प्रभाव, जीवजन्तुको भागादौड तथा मृत्यु, आवासविहीन अवस्था र मानवीय क्षतिको चित्रणका माध्यमबाट प्रकृतिको संरक्षण गर्न नसक्दा देखापरेको दुर्घटनालाई यस उपन्यासले प्रस्ट पारेको छ । यसले प्राकृतिक प्रकोपका माध्यमबाट परेको प्रभाव र त्यसले निम्त्याएको दुर्घटनाप्रतिको चिन्ताका साथै पर्यावरणीय संरक्षण तथा सन्तुलनप्रतिको जागरणलाई प्रस्तुत गरेको छ । यसरी पन्थीको अनायोजित उपन्यासमा पुँजीवाद, भौतिकता तथा यान्त्रिकताको प्रभावका कारण प्रकृतिमा पर्न गएको असरप्रति खबरदारी गर्दै प्रकृतिको जगेर्नाप्रतिको पर्यावरणीय चेतनालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

अनिता पन्थीको *अनायोजित* उपन्यासमा पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । उनको यस उपन्यासमा प्रकृति र मानवको सम्बन्ध, प्रकृतिप्रतिको विश्वास र आकर्षण, प्रकृतिको विनाशप्रतिको चिन्ता, प्रकृतिको जगेर्नातर्फको चेतनाजस्ता पर्यावरणीय चेतनाको अभिव्यक्ति पाइन्छ । मानिस पनि प्रकृतिकै उपन भएका सन्दर्भमा प्रकृतिविना मानवजीवन अधुरो हुने मानवका सुखदुःखमा प्रकृति कुनै न कुनै रूपमा सहभागी हुने तथ्यका माध्यमबाट प्रकृति र मानवबिचको सम्बन्ध देखाइएको छ । यसमा सहरिया परिवेशको कोलाहलबाट भागेर ग्रामीण परिवेशतर्फको पात्रको आकर्षणमार्फत मानवजीवनको प्रकृतिसँगको आत्मीय सम्बन्धलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा मानिसले प्रकृतिमाथि गरेको विश्वास तथा आकर्षण देखाइएको छ । सजायमा परेको नायकलाई पवन अर्थात् प्रकृतिले दिएको शीतलता र सान्त्वना जीवनको ऊर्जा बनेको तथ्य यसमा पाइन्छ । आधुनिकीकरणका नाममा मान्छेले विकास गरेका यन्त्रले मान्छे र प्रकृति दुवैलाई पुगेको क्षति एवम् त्यसप्रतिको सचेतनालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यन्त्रको आविष्कार नै प्रकृतिको विनाशका लागि भएको तर्क प्रस्तुत गर्दै यस्ता यन्त्रबाट प्रकृतिले बेहोर्नुपरेको दुर्दशा तथा त्यसले जीवजन्तु, वनस्पति, पशुपक्षीलगायत मानिसमाथि पारेको अल्पकालीन एवम् दीर्घकालीन असरप्रतिको चेतना पनि यस उपन्यासमा

अभिव्यक्त भएको छ। पारिस्थितिक प्रणाली नै खलबलिन पुगेको चिन्ताका माध्यमबाट प्रकृतिको संरक्षण र संवर्द्धनमा मानिसले खेल्नुपर्ने भूमिकाप्रतिको चेतनालाई पनि यस उपन्यासमा स्थान दिइएको छ। पात्रको विचार, अनुभूति, संवेदनाका माध्यमबाट कथानकीय योजनालाई सुगठित बनाउँदै यस उपन्यासमा पर्यावरणीय चेतना आएको छ। पर्यावरणीय समालोचकले भने झैँ विशेषतः प्रकृति र मानवबिचको सम्बन्ध, निकटता, आकर्षण, विश्वास तथा प्रकृतिको अस्तित्वको जगेर्नाप्रतिको चेतनाका माध्यमबाट प्रस्तुत उपन्यासमा पर्यावरणीय चेतना अभिव्यक्त भएको छ। यसर्थ पन्थीको अनायोजित उपन्यासलाई पर्यावरणीय चेतनाले सशक्त उपन्यासका रूपमा लिन सकिन्छ।

**सन्दर्भसामग्री**

अर्याल, अम्बिका (२०८१). अनायोजितभित्र योजित तथ्य. *साहित्यपोस्ट.* https://sahityapost.com/samichaa, हेरेको मिति २०८१ कात्तिक २८।

छेत्री, ज्ञानबहादुर (२०८१). पर्यावरणमाथि गरिने सिर्जना र तिनको समालोचना. *साहित्यपोस्ट.* https://sahityapost.com/samichaa. हेरेको मिति २०८१ कात्तिक २८।

पन्थी, अनिता (२०७८). *अनायोजित.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस।

भट्टराई, गोविन्दराज (२०७८). अनायोजितबाट निसृत एक पीडादायी सुवास. *अनायोजित* (ले. अनिता पन्थी) काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस, पृ.३-१०।

भट्टराई, गोविन्दराज (२०८१). सिर्जनाको धरातलमा पर्यावरणीय सचेतना. *ऊर्जा खबर.* https://www.urjakhabar.com. हेरेको मिति २०८१ कात्तिक २८

सिंह, राजवीर (सन् २०१९). वेदों में पर्यावरण चेतना. *राजभाषा ज्योति.* https://rajbhasha.gov.in. हेरेको मिति : २०८१ मङ्सिर ३, पृ.६-१३।

Buell, Lawrence (1995). *The Environmental Imagination Thoreau, Nature Writtings, and the Formation of American Calture.* Harvard University Press.

Dobie, Ann B. (2012). *Theory into Practice: An Introduction to Literary Criticism* (3rd Ed.). Wadsworth Cengage Learning.

Heise, Ursula K. (2006). The Hitchhiker's Guide to Ecocriticism. *PMLA*, vol. 121, no. 2, pp. 503–16. JSTOR. http://www.jstor.org/stable/25486328. Accessed 19 Nov. 2024.

Howarth, William (1996). Some Principles of Ecocriticism. *The Ecocriticism Reader: Landmarks in Literary Ecology.* Glotfelty. Cheryll and Fromm. Harold (Ed.), Athens and London: The University of Georgia, Pp. 69-91.

Kerridge, Richard (2006). Environmentalism and Ecocriticism. In Patricia Waugh (ed.). *Literary Theory and Criticism.* Oxford University Press, pp. 530-543.

Milne, Anne (2010). Ecocriticism. *Key Words: A Journal of Cultural Materialism.* No. 8, pp. 46–47. JSTOR, https://www.jstor.org/stable/26920272, Accessed 19 Nov. 2024.